नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२६६
ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या : २०७७/७८
चलानी नम्बर :

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

मितिः २०७७।०४।१५

## निषेधाज्ञा जारी सम्बन्धी अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको कोभिड-१९ संक्रमण परीक्षण नतिजा अनुसार यस जिल्लाको विदुर नगरपालिका वडा नं. ८ का २७ वर्षीय एक जना व्यक्तिमा कोभिड-१९ संक्रमण देखिएको छ ।संक्रमित व्यक्तिसँग यस अवधिमा सम्पर्कमा आएका व्यक्तिहरुको खोज पड्ताल अनुसार विदुर नगरपालिका वडा नं. ८ को केउरेनी वरपरको देहाय अनुसारको चारकिल्ला भित्रको क्षेत्रमा कोरोना संक्रमण फैलन नदिन स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम मिति २०७७।०४।१५ गते राती १२.०० बजेदेखि अर्को आदेश नभएसम्म यो निषेधाज्ञा जारी गरिएको छ ।

निषेधाज्ञा जारी भएको चारकिल्ला क्षेत्रः

क) पूर्वमाः सुनाखेती चौतारा ख) पश्चिममाः पिंडालुवारी ग) उत्तरमाःटांडे विसौना
घ) दक्षिणमाः केउरेनी पञ्चकन्या मन्दिर ।

निषेधाज्ञा जारी गरिएको क्षेत्रमा अत्यावश्यक सेवा (खाद्यान्न, औषधी, ग्याँस, दूध, तेल, खानेपानी लगायत) बाहेक देहायका कार्यहरु गर्न गराउन निषेध गरिएको छः

क) उक्त क्षेत्र भित्रका सबै कार्यालय संघ संस्थाहरुबाट प्रदान गरिदैं आएको सेवा,

ख) उक्त क्षेत्र भित्रका हाटबजार लगायत सम्पूर्ण पसलहरु,उद्योगधन्दा, व्यवसाय,

ग) कुनै पनि धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत भेला हुने, घर बाहिर निस्कने लगायतका कार्यहरु,

घ) उक्त क्षेत्रभित्र चल्ने सवारी साधनहरु (दुईपांग्रे, चारपांग्रे) तथा अन्य वडाहरु तथा अन्य स्थानमा आवागमन ।

पुनश्चः कोभिड-१९ सम्बन्धी मापदण्ड अनुसार उक्त क्षेत्रमा हुने खोजपड्ताल तथा परीक्षणसम्बन्धी कार्यमा सत्यतथ्य सूचना उपलब्ध गराउन तथा आवश्यक सहयोग गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

२०७७।४।१५
..............................
झंकनाथ ढकाल
प्रमुख जिल्ला अधिकारी